‘यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।’ - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा ‘ख’ मा बर्गिकृत

साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-info@rekhadekh.com

वर्ष ५ | अंक २७ रूकुम | २०७६ असार ९ सोमबार | 24 June 2019 Monday | मुल्य २० | पृष्ठ ६



## ओलीको समय

प्रधानमन्त्रीलाई जनहितकारी काम गर्न के ले रोकेको छ ? डराउनु पर्ने त भ्रष्टचारी हो तर तर्साउन थालिएको छ मिडियालाई............ ।

२



## किन डराउँछन पत्रकारितासँग ?

यस्तो लाग्छ, सत्ताका हर्ताकर्ताहरु लोकतान्त्रिक राज्यको चौथो अङ्ग मिडियालाई पाठ पढाउने चाहना राख्छन् ..... !

४



## सुन्दरी भएको भन्दै कारवाही

महिला बढी सुन्दर भएका कारण सडकमा रहेका अन्य यात्रु तथा चालकहरुको ध्यान भड्किन सक्ने र दुर्घटना हुनसक्ने भन्दै उनलाई कारवाहि गरिएको ..।

६

### गरिबको पीडा

# ‘पैसा सकियो,उपचार सकिएन’

**प्रवीर ददेल/रेखदेख**
**रुकुम**

आठविसकोट नगरपालिका-२ स्यालाका ३८ वर्षिय मन्जित यरी ऋणले चुर्लममै डुवेका छन्। छ महिना अघि छोरा हिमाल यरीको उपचारको लागि काठमाडौ पुगेका उनी काठमाडौंका अस्पताल चहर्दैमा सम्पती सकिएको हो । तर उनको छोराको उपचार भने सकिएको छैन ।

उनी अमिलो मुख बनादैं विरामी छोरा हिमाललाई बोकेर जेठ अन्तिम साता घर फर्किए। उनी भन्छन्, ‘सम्पती सकिएर ऋणको भारी बोकीयो, तर छोरालाई निको बनाउन सकिएनन्।’

छोराको उपचारकै लागि आफ्नो १ रोपनी जग्गा बेचेका यरीले साँहुबाट चर्को व्याजमा रु. ७ लाख ऋण लिएर खर्च गरेको बताउँछन्।

तीन वर्षिय हिमाल यरीका दुई वटै आँखाको ज्योति गुमे छ । उनी ६ महिनाको हुँदा सामान्य आँखा पाक्ने समस्या देखिएको थियो। गाउँमै धामी, झाँक्री र जडिवुटीले आँखा पाकेको सञ्चो त भयो तर आँखा ज्योती नै गुमेको उनको परिवारलाई पत्तै भएन्। छोरा हिमाल दुई वर्षको पुगेपछि मात्रै आँखाको ज्योती गुमेको यरी परिवारले थाहा पाएको आमा जयकला यरीले बताईन्। उनले भनिन, ‘छोरा जब हिड्न खोज्थ्यो, अनि जमिन (भुई) मा लड्थ्यो।’

गाउँमा देउता रिसाएको भन्दै उनीहरुले गाउँकै मन्दिरमा भाकल गरे, धामी, झाँक्री गर्दा दर्जन वढी खसी बोका काटेर पुजा गरेको यरी परिवारले बताएको छ । केही सम्पती धामी झाँक्रीमै सकिएपनि सञ्चो भएन।

‘सास छन्जेलको आस’ भने झैं यरी परिवारले हिमालको उपचारका लागि जग्गा बचेर गत पुस महिनामा काठमाडौं पुगेका थिए । सुरुमा काठमाण्डौको तिलगंगा आँखा अस्पतालमा पुगेका यरी दम्पतीलाई हिमालको आँखाको क्यान्सर भएको भन्दै



कान्ति बाल अस्पताल पठाएको थियो। कान्ति बाल अस्पतालले पनि अनुमानकै भरमा क्यान्सर भएको भन्दै एक महिना किमो चलाएको बुवा मन्जित यरीले बताए। उनका अनुसार -अस्पताल बाहिरबाट (नीजि मेडिकलबाट औषधी खरिद गर्नुपर्ने बाध्यता थियो। कान्ति बाल अस्पतालको फार्मेसीमा औषधी पाईन्थ्यो पाईदैन्थो, तर बाहिरबाट किनेर ल्यानु भनेपछि नीजि क्लिनिकबाट औषधी खरिद गरेको उनको भनाई रहेको छ।

यरीका अनुसार -‘कान्ति बाल अस्पतालमा झण्डै साढे ४ लाख रुपैयाँ खर्च भएको थियो।’ कान्ति बाल अस्पतालमा पनि लामो समय उपचार गर्दा समेत रोगको निदान नभएपछि फेरी विरामी छोरालाई बोकेर तिलगंगा आँखा अस्पतालमा पुगेका यरीलाई आँखाको क्यान्सरको जाँचकै लागि फेरी काठमाण्डौं टिचिङ अस्पताल पठाईयो। काठमाडौं टिचिङ अस्पतालले बच्चाको आँखाबाट पानी निकालेर क्यान्सर भए नभएको जाँच गराएर एक हप्ता पछि रिर्पोट दिएको थियो।

रिर्पोटमा क्यान्सर नभएको काठमाण्डौं टिचिङ अस्पतालको रिर्पोटमा देखाईएको छ। टिचिङको रिर्पोट पछि तिलगंगा आँखा अस्पताल पुग्दा मात्र उपचार नहुँने भन्दै फिर्ता गरायो।

छोराकै उपचारको लागि झण्डै ६ महिनामा रु ७ लाख रुपैयाँको ऋणको भारी बोक्नु परेको यरी दम्पतीले जनाएका छन्। हामीले ६ महिनामा जग्गा बेचियौं, ऋणको भारीले थेचिए सकेका थियौं, अस्पतालले पैसा सकिएपछि उपचार हुँदैन भन्यो, हामी घर फर्कियौं। यरी दम्पती पुस महिना काठमाण्डौं पुगेका उनीहरु जेठ ८ गते रुकुम पुगेका छन्।

### राज्यको सहयोग पाईएन

छोरा हिमालको उपचारको कतैबाट सहयोग नपाएको बताएका छन्। गरिव तथा विपन्नको उपचारको लागि सरकारले एक लाख रुपैयाँ सम्म सहुँलियत दिने सुनेका उनीले कतैबाट नपाएको गुनासो गरे । ‘राज्यले गरिवलाई उपचारको लागि एक लाख रुपैयाँ दिन्छ भन्ने सुनेको थिए, खै कस्ता गरिवलाई दिन्छ मन्जित यरीले बताए।

### छोरा निको हुने आश

रुकुम पश्चिमको दुर्गम गाउँ स्यालाका यरी परिवारलाई अस्पतालको अझै विश्वास लागेको छैन्। उनीहरु छोरा हिमाल सञ्चो हुने आशमा छन्। तर उनीहरुसँग उपचार गर्ने पैसा छैन। उपचारमै जग्गा र साँहुको ऋणले थेचिएका उनीहरुको सम्पतीको नाममा खुसको छानो भएको सानो घर र केही जग्गा बाँकी छ। उता छोराको उपचार भएन, यता एक रोपनी जग्गा पनि रहेन मन्जित यरी भन्छन्, ‘साहुँको ऋण कसरी तिर्ने भन्ने चिन्ताले सताउँने गरेको छ ।’ ऋण काँडेर छोराको उपचारमा खर्चिएका यरीले छोरा उपचार गराएर विदेश जाने र ऋण तिर्ने सूरमा थिए । सञ्चो नभएपछि छोराकै रेखदेख गर्दैमा दिन जाने गरेको बताए।

### अस्पतालको हैरान

यरी परिवारलाई अस्पतालले दिकदार बनाएको बताएका छन्। ६ महिना अस्पताल चर्हादा चर्हादा उनीहरु दिकदार बनेका हुन्। अस्पतालमा महुँगो औषधी, डाक्टरको झर्किने व्यवहार सामान्य उपचारको लागि महिनौ कुर्नुपर्ने बाध्यताले दिक्क बनाएको मन्जित यरीले बताएका छन्। अझ नभएको रोगको उपचार गर्ने र रोगनै पत्ता नलगाउने कारणले उनीहरुलाई थप पीडा दिएको जनाएका छन्। उपचार गर्दा गर्दा पैसा सकिएपछि घर फर्किने अस्पतालले बनाएको हो।

### उपचारको माग

यरी परिवारले छोरा हिमालको उपचारको लागि माग गरेका छन् । उपचारकै क्रममा सम्पती सकिएपछि स्थानीय सरकारका साथै प्रदेश र संघीय सरकारलाई छोराको उपचार गरिदिन माग गरेका हुन् । संघीय राजधानीका अस्पतालबाट पैसा सकेर फर्किएका उनी अहिले (स्थानीय सरकार) आठविसकोट नगरपालिकामा धाउन थालेका छन्। जेठ अन्तिम साता आठविसकोट नगरपालिका पुग्दा नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत लाई नभेटपछि रित्तोहात फर्किएका उनी फेरी नगरपालिका पुग्ने जनाए। उनले छोरा हिमालको उपचार को लागि सबैलाई अपिल गरेका छन्।

# ६ वर्षमै एसईई परिक्षा !



**रेखदेख संवाददाता**
**मुसीकोट**

सामान्यतया (एसईई) अर्थात कक्षा १० को परिक्षा दिने विद्यार्थीको उमेर कति होला भन्दा धेरैको अनुमान हुन सक्छ, कम्तीमा १४,१५ वा १६ वर्ष । परिक्षा नियन्त्रण कार्यालयको मापदण्ड भित्र पनि एसईई परिक्षा दिन कम्तीमा १४ वर्ष पुरा भएकै हुनुपर्दछ। तर रुकुम पश्चिमको एक सामुदायिक विद्यालयमा ६ वर्षको उमेरमा एक जना छात्राले एसईई परिक्षा दिएकी छिन्।

रुकुम पश्चिमको आठविसकोट नगरपालिका-१२ स्थित नेपाल राष्ट्रिय माध्यामिक विद्यालय ठुलिबार्खुबाट २०७५ सालको एसईई परिक्षामा ६ वर्षको उमेरमा एक जना छात्राले परिक्षा दिएको खुलेको छ।

सोही विद्यालयबाट एसईई परिक्षा दिएकी सानीभेरी गाउँपालिका वडा नं ६ कि नविना पुन मगरको एसईईको प्रवेश पत्रमा २०६९ साल असार २९ गते जन्म मिति रहेको छ।

शिक्षकको लापरबाहीका कारण २०५९ असार २९ गते जन्मीएकी छात्रा नविना पुनको जन्म मिति १० वर्ष घटेको छ। एसईई परिक्षाको रजिष्टेशन फारम भर्दा विद्यालयका शिक्षकले गलत फारम भरिदिएपछि नतिजा कस्तो आउँने हो भन्ने चिन्तामा रहेको छात्रा नविना पुनले रेखदेखलाई बताईन्। उनले भनिन,‘१० वर्ष सम्म पढियो, जन्ममितिले परिक्षा फल रद्द हुन्छ कि भन्ने चिन्ता लागेको छ।’

उता विद्यालयका प्रधानाध्यापक हरिभान खत्री भुलवस विद्यार्थीको जन्म मिति फरक परेको हुन सक्ने बताए। मलाई पनि यस विषयमा कुनै जानकारी छैन्, विद्यालयको रर्कड हेरर छात्राको जन्ममिति सच्याउन पहल गरिने प्रधानाध्यपक खत्रीले जानकारी दिएका छन्।

**रेखदेखको ग्राहक बन्न**

रुकुम (पश्चिम) : ९८४७८७६७१३

रुकुम (पूर्व) : ९८६९९८३२२८, ९८२४५२०१०९

बहुउद्देश्यीय सेवा सर्म्पक प्रा.लि. ९८४४९१७४८५

## जिल्ला स्वास्थ्य कार्यालय रुकुम (पश्चिम) को सूचना

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय रुकुम पश्चिमको आर्थिक तथा प्राविधिक सहयोगमा यस जिल्लाको तपशलिको स्थान, मितिमा निःशुल्क पुरुष स्थायी बन्ध्याकरण(भ्यासेक्टोमी) शिविर तथा लामो अवधिको अस्थायी साधन आई.युसी.डि./ईम्पलान्ट सेवाहरु दिईने भएकोले सन्तानको रहर पुगिसकेका महानुभावहरुले समयमै सर्म्पक राखी मौकाको फाईदा लिनुहुन हार्दिक अनुरोध छ ।

**तपशिल :**

| क्र.स. | स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | सानीभेरी गाउँपालिकाको सिम्लीमा | २०७६/०३/११-१३ | |
| २ | आठविसकोट नगरपालिकाको मुलबजार गोतामकोटमा | २०७६/०३/१२ | |
| ३ | आठविसकोट नगरपालिकाको राडिज्युला | २०७६/०३/१४ | |
| ४ | चौजहारी नगरपालिकाको चौरजहारी अस्पतालमा | २०७६/०३/१६-१७ | |

**थप जानकारीको लागि** : स्वास्थ्य कार्यालय रुकुम (पश्चिम)
**सर्म्पक नम्बर** : ०८८-५३०४१०, ९८६८०१७७७५

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग विकास समिति
शाखा कार्यालय रुकुम (पश्चिम)

मिति : २०७६/०२/०९

## नविकरण सम्वन्धी सूचना

नेपाल सरकार द्वारा जारी औद्योगीक व्यवसाय ऐन, २०७३ तथा प्राइभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ र प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को परिधी भित्र रही घरेलु तथा साना उद्योग विकास समिति रुकुम पश्चिममा दर्ता भएका लघु, घरेलु तथा साना उद्योग प्राइभेट फर्महरु विविध कारणले समयमा नविकरण गराउन नसकेका, म्याद गुज्रेका प्राइभेट फर्मका धनीले नविकरण गराउन नसकेको मनासीव कारण खुलाई नियमानुसार तिर्नुपर्ने दुस्तुर बुझाई यहि मिति २०७६ अषाढ मसान्त सम्म नविकरण गर्न सकीने भएको प्रदेश सरकार, कर्णाली प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मिति २०७५/११/२७ को निर्णय अनुसार व्यवस्था गरिएकोले सम्वन्धीत सरोकारवाला सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

उद्योग अधिकृत
घरेलु तथा साना उद्योग विकास समिति
शाखा कार्यालय रुकुम (पश्चिम)

*'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन*

## सम्पादकीय

### जनताबाट कर मात्र उठाउने मात्र हो र ?

रुकुम पश्चिमको दुर्गम स्थानीयतह आठविसकोट नगरपालिका कर अशुल्नमा अग्रस्थानमा रहेको छ । विशेषगरी जनताबाट विभिन्न किसीमका कर अशुल्ने गरेको छ । नगरपालिका तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको १० महिनामै लक्ष्यभन्दा वढी डेढ करोड रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ। यस क्षेत्रका स्थानीयले सेवा सुविधा बीना जनताबाट चर्को कर अशुलेको स्थानीयले गुनासो गरेको छन् । यस नगरपालिका क्षेत्र भित्रका धेरैजसो वडाहरुमा विद्युत सुविधा छैन, खानेपानीको समस्या उस्तै छ। गाउँ सम्म पुग्ने सडक बाटो छैन् ।

उपचारको लागि गाउँमा स्वाथ्य सुविधा छैनन् । नजिकैका एउटा वडाबाट अर्को वडामा पुग्न पैदल झण्डै एक दिन लाग्ने गर्दछ। यस क्षेत्रमा रोजगारीको कुनैपनि सम्भावना छैन् ।

तर स्थानीय सरकारले मनोमानी तवरले सम्पती कर उठाएको छ । राज्यलाई कर तिर्नु नागरिकको दायित्व हो भने राज्यले जनतालाई आधारभुत सेवा सुविधा (शिक्षा, स्वास्थ्य, रोजगारी, विद्युत, खानेपानी) लगायतका सेवा सुविधा प्रदान गर्नुपर्दछ। जनतालाई सेवा सुविधा नदिने तर कर मात्र उठाउने भने स्थानीय सरकार नै अप्ठेरोमा पर्नु सक्छ । जनताले संघीयताो विकल्प खोज्न सक्छन् । त्यसैले सरकार जनतालाई सरकार भएको महसुस गराऔं ।

# ओलीको समय



**कृष्णप्रसाद सुवेदी**

प्रधानमन्त्रीलाई जनहितकारी काम गर्न के ले रोकेको छ ? प्रधानमन्त्री वाहिर शक्तिशाली देखिएपनि भित्र त्रसित छन् । त्रसित नभए लोकतन्त्रको गहना राष्ट्रिय मानव अधिकारको तेजोबध गर्न लाग्ने थिएनन् । डराउनु पर्ने त भ्रष्टचारी हो तर तर्साउन थालिएको छ मिडियालाई । यस्ता वातावरण हुनु ओलीका लागि शुभसंकेत पक्कै होइन । ओली सरकारले समाजिक सञ्जालमा समेत अंकुश लगाउन खोज्दैछ । मुलुकका प्रधानमन्त्री बोलिबचनमा किन तुच्छता, अहंकार ओकल्दछन् । किन उटपट्याङ कुरा बोल्दैछन् । प्रधानमन्त्री पदको मर्यादालाई किन अवमूल्यन गर्दैछन् ।

नेपालमा केपी ओली र भारतमा नरेन्द्र मोदी दुवै सत्ताको शिखरमा छन् । भारतमा सम्पन्न निर्वाचनमा मोदीले राहुल गान्धीलाई नराम्ररी हराए । ओलीले पनि २०७४ को प्रतिनिधि र प्रदेशसभाको चुनावमा नेपाली कांग्रेसलाई हराइदिए । मोदीलाई टक्कर दिने न उनकै दल भारतीय जनता पार्टीमा कुनै व्यक्तित्व छ न विपक्षी दलमा नै देखिन्छ । ओलीलाई टक्कर दिने व्यक्तित्व पनि न नेपाली कांग्रेसमा छ न अन्य दलमा देखिन्छ। भारतमा मोदी र अमीत साहको जोडी छ भने नेपालमा ओली र पुष्पकमल दाहालको। फरक चाहिँ के छ भने अमित साहको मोदीलाई पूर्ण समर्थन छ भने दाहाल अलि कुटिल छन् । ताल परे ओलीलाई छिर्के मार्न पछि पर्दैनन् उनी ।

विगतमा छिर्के हानी पनि सकेका हुन् । हालसालै दाहालले पूर्व एमाले र उनको दल मिल्दा भएको आलोपालो प्रधानमन्त्री बन्ने सहमति पत्र सार्वजनिक गरे । दाहालले चौका हान्न खोजेका त हुन् तर प्रत्युपादक हुनेजस्तो भएपछि लोली फेर्दैछन् । लोकतन्त्रमा ट्वाच्च दिने अनि 'सरी' भन्ने चल्छ पनि। दाहालको स्वार्थ जे जे होस् जनताको सूचनाको हकको उनले ढिलै भए पनि सम्मान गरेको देखियो । भारतका राहुल गान्धी र नेपालका शेरबहादुर देउवा दुवैको अवस्था उस्तै उस्तै छ ।

दुईचार जना जोस, जाँगर भएका युवा नेता नहुने हो भने त नेपाली कांग्रेसलाई पुस्तकमा नै खोज्नु पर्ने अवस्था छ। सरकारलाई खबरदारी गर्ने सन्दर्भमा प्रमुख प्रतिपक्ष दलभन्दा सामाजिक सञ्जालको भूमिका अगाडि छ। कांग्रेसले प्रतिपक्षी दलको रूपमा जुन भूमिका निर्वाह गर्नुपर्ने त्यो गर्न नसकेको देख्दा उदेक लागेर आउँछ । लोकतन्त्र आफैं बोल्ने भए यतिखेर यसले सत्तापक्षलाई भन्दा प्रतिपक्षलाई थुर्ने थियो होला ।

लोकतन्त्र नदी हो भने सत्तापक्ष र प्रतिपक्ष नदीका दुई किनारा । नदीको स्वभाव बहनु हो भने दुई किनाराको सार्थकता नदीको वहावलाई सहजताको साथ दिशा निर्देशित गर्नु हो। तसर्थ नदीको बहावको लागि पानीमात्र भएर पुग्दैन । नदीको किनार जति बलियो हुन्छ बहाव त्यति नै निर्दिष्ट हुन्छ। कुनै एक किनारा कमजोर भयो र बहावलाई थेग्न सकेन भने नदीले विध्वंश निम्त्याउँछ। प्रतिपक्षविनाको लोकतन्त्र निरंकुश हुन्छ । विनाश ल्याउँछ ।

प्रसंग केपी ओलीको । तत्कालीन नेकपा (माले) उम्रदै गरेको समयमा यिनी जेलमा थिए। जेलबाट छुटेको केही समयमा नै माले नेकपा (एमाले) भयो । एमालेका अध्यक्ष भए मनमोहन अधिकारी । मनमोहनको देहवसानपछि एमालेका कमान्डर बने माधव नेपाल ।

नेपालले १५ वर्ष एमालेको नेतृत्व गरे । तर, देशको ठूलो दल नेपाली कांग्रेस थियो । गिरिजाप्रसाद कोइरालाको व्यक्तित्वको अघि यिनी फिक्का देखिए । एमालेमा शक्तिशाली भए पनि कांग्रेस सामु निरीह नै रहे । राष्ट्रिय राजनीतिमा नेपाली कांग्रेसको बोलाबाला थियो। पहिलो संविधान सभाको निर्वाचनमा तत्कालीन नेकपा (माओवादी) ठूलो दल बन्यो । दाहालको व्यक्तित्वको अगाडि पनि नेपाल छायामा परे ।

विसं २०७१ मा माधव नेपाललाई हराएर ओली एमालेको अध्यक्ष बने । निरन्तर ४६ वर्षको राजनीतिक यात्रापछि दलको सर्वेसर्वा हुन पुगे । देशको राजनीतिमा नेपाली कांग्रेसको दबदबा खस्कँदै गएको अवस्थामा यिनि एमालेका प्रमुख बने । कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको निधनपछि देउवा सभापति बने । देउवा कांग्रेसको सभापति बन्दा ओलीका लागि परिस्थिति झनै अनुकूल बन्न पुग्यो भने तत्कालीन माओवादी चाउरिँदै गएको थियो ।

विसं २०७२ असोजमा ओली पहिलो पटक प्रधानमन्त्री बने। यिनको कार्यकालमा भारतले लगाएको अघोषित नाकाबन्दीको असर फैलँदै गएको थियो। नाकाबन्दी विरूद्धमा ओली उभिए । जनताले रुचाए । प्रदेश र संघीय र स्थानीय तहको चुनावमा माओवादीलाई सँगै हिँडाउन र एमालेलाई सबैभन्दा ठूलो दल बनाउन सफल भए ।

नेकपा माओवादी र एमाले मिलाएर नेकपा (नेकपा) भन्ने शक्तिशाली दल बनाए । शक्तिशाली नेकपा बनाए वा दाहालको राजनीतिक अवशानलाई बचाए भविष्यले बताउला। तर, २०७४ साल यिनका लागि महत्वपूर्ण बन्यो । संसद् दुई तिहाइ समर्थन भएको प्रधानमन्त्री बने । मुलुकको आन्तरिक सुरक्षालाई चुनौती दिने सीके राउतलाई राजनीतिको मूलधारमा ल्याए । नेकपाको नाममा नेत्रबहादुर चन्दको समूहले गरेको विध्वंशलाई बल प्रयोग गरेर निस्तेज पार्न खोजेको देखिएको छ ।

जनताको प्रत्यक्ष सरोकारका विषयमा भने ओली सरकारले अपेक्षा अनुरूप काम गर्न सकेको छैन । सरकारले जनतालाई किन निराश बनाउँदै छ ? अघिल्ला सरकार र यो सरकारबीच जनताले भिन्नता अनुभव गर्न सकेका छैनन् । जनताको जीवनमा प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा किन यिनले सुधार गर्न सकेनन् ? सरकारले गति लिन सकिरहेको छैन ।

प्रधानमन्त्रीलाई जनहितकारी काम गर्न के ले रोकेको छ ? प्रधानमन्त्री वाहिर शक्तिशाली देखिएपनि भित्र त्रसित छन् । त्रसित नभए लोकतन्त्रको गहना राष्ट्रिय मानव अधिकारको तेजोबध गर्न लाग्ने थिएनन् ।

डराउनु पर्ने त भ्रष्टचारी हो तर तर्साउन थालिएको छ मिडियालाई । यस्ता वातावरण हुनु ओलीका लागि शुभसंकेत पक्कै होइन ।

ओली सरकारले समाजिक सञ्जालमा समेत अंकुश लगाउन खोज्दैछ । मुलुकका प्रधानमन्त्री बोलिबचनमा किन तुच्छता, अहंकार ओकल्दछन् । किन उटपट्याङ कुरा बोल्दैछन् । प्रधानमन्त्री पदको मर्यादालाई किन अवमूल्यन गर्दैछन् । ओली किन भयभित हुँदैछन । मानिस जति भयभित हुन्छ, त्यती नै आक्रमक हुन्छ भन्दछन् । कार्यकर्तालाई किन बारूला बनेर चिल्न उत्तेजित पार्दैछन् ? अन्ततः ओली सरकार किन निरङकुश बन्न खाज्दैछ ।

'लुट्न सके लुट कान्छा' गीतमाथि बारूले आक्रमण सम्बन्धमा । जङ्गलमा घनघोर डढेलो लागेको थियो । ज्यान जोगाउन सबै चराचुङ्गी, जनवारमा भागदौड मच्चिएको थियो । एउटा चराले चुचोमा पानी बोक्दै डढेलो निभाउन कोसिस गर्दै थियो । चराको यस्तो चाला देखेर अन्य पशुपंक्षी चकित भए ! एउटा जनावरले त भनिहाल्यो - ए मूर्ख चरा ! तिमीले सानो चुचोमा पानी बोकेर यो आगो निभाउन सक्छौ ? भो यस्तो दुस्साहस नगर । ज्यान बचाऊ ! ज्यान !

'मेरो चुचोमा बोकेको पानीले आगो निभ्छ या निभ्दैन म भन्न सक्दिन । तर सत्य के हो भने जस्तैसुकै ढडेलो किन नहोस एक दिन अवश्य निभ्छ। जब आगो एक दिन निभ्छ तब इतिहासमा मेरो नाम आगो निभाउन तथा तिमीहरूको नाम आगो लगाउनेमा दर्ज हुनेछ' पंक्षीले उत्तर दिए छ । कुनै बेला गिरिजाको समय थियो ।

ज्ञानेन्द्रको पनि समय आएको थियो, तर समयलाई चिन्न सकेनन् । वर्तमान ओलीको पक्षमा देखिन्छ तर एउटै परिस्थिति तथा समय सँधै रहिरहँदैन । समय असल या खराब जस्तोसुकै होस् बितेर जान्छ, जान्छ ।

सुखका दिन बितेर दुःखको दिन आउँछ । दुःखका दिन बित्छ र सुःखको दिन आउँछ। ओलीको दुःखको समय बितेको छ भने सुःखको समय बुलन्दीमा छ । तर, कहिलेसम्म ?

*साभार : बाह्रखरी डटकमबाट*

**बहु उद्देश्यीय सम्पर्क सेवा प्रा.लि.**
**व्यवसायीक जीवनको सहयोगी साथि**

- स्थानीय तथा बहु राष्ट्रिय कम्पनीका उत्पादित बस्तुको खरिद विक्रीका साथै घर जग्गा कारोबार तथा बैकिङ कारोबार सम्पर्क सेवा ।
- विभिन्न व्यवसायीक तथा सामाजिक क्षेत्रका विषयहरुमा गरिने भेला, प्रशिक्षण, अन्तरक्रिया विचार तथा कार्याशाला गोष्ठी, तालिमको सशुल्क व्यवस्थापन सेवा ।
- रोजगारदाता कम्पनी, संस्था कार्यालयहरु सँगको समन्वय तथा सहकार्यमा दक्ष जनशक्ति मजदुरहरु आयात निर्यात गर्ने सेवा ।
- फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरुको व्यवस्थापन सेवा ।
- कम्युटर टाईपिङ, फोटोकपी, प्रिन्ट, लेमिलेसन, एमआरपी फारम भर्ने काम गरिन्छ ।
- पत्रिका वितरण तथा विज्ञापन संकलन गर्नुका साथै विद्युतीय छापा सञ्चार माध्यमको लागि पनि विज्ञापन संकलन गरिन्छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरिएर सेवा उपलब्ध छ ।

**प्रबन्धक निर्देशक :- उपेन्द्रलाल कामी**
**सर्म्पक नं. ९८४४९१७४८५, ९८०९८२५७९२**

## रेखदेख
### पाठक वर्गमा अनुरोध

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७९७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

**- सम्पादक**



मुसीकोट स्थित शहिद मैदानमा भुमे नाँच्दै मगर समुदाय । हरेक वर्ष जेठ मसान्तदेखी पहिलो साता सम्म भुमे नाँच नाच्ने गरिन्छ । तस्वीरः रेखदेख

यस TNT टेक्निकल कलेज
मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ महिने कोर्षहरु |
|---|---|---|
| • General medicine(HA)<br>• Staff nurse, pharmacy<br>• Lab techinican (CMLT)<br>• Dental Hyggienic<br>• Radiography | • Diploma in civil<br>• Diploma in electrical<br>• Diploma in computer<br>• Diploma in electronic<br>• l .sc. Ag., vet<br>• foresty | • C.M.A. ANM<br>• Lab assistant<br>• Sub overseer<br>• Agriculture JTA<br>• Vet JTA. Amin |

हाम्रा विशेषताहरुः-
- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

***नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्यहोरा जानकारी गराईन्छ ।***

**थप जानकारिको लागी**
TNT टेक्निकल कलेज
मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो)
रुकुम (पश्चिम) सम्पर्क : ९८२२८२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५

# छिन्खेतमा बाली उपचार शिविर

*रेखदेख संवाददाता*
*मुसीकोट*

जिल्लाको बाँफिकोट गाउँपालिका -४ छिन्खेतमा बाली उपचार शिविर सञ्चालन गरिएको छ । तरकारी बीउ उत्पादन केन्द्र चाँपाको सहयोगमा शुक्रबार बाँफिकोट गाउँपालिका कृषि शाखाले बाली उपचार शिविर सञ्चालन गरेको हो ।

स्थानीय कृषकहरुले लगाएको तरकारी तथा फलफूल बालीमा रोगकिरा लागेपछि स्थानीय स्तर मै त्यसको उपचार गर्न शिविर सञ्चालन गरिएको हो ।

गाउँपालिकाको कृषि शाखा कार्यालय छिन्खेतमा भएको शिविरमा स्थानीय कृषकहरुले रोगकिरा लागेका बालीका नमूना बोट ल्याएर विषेशज्ञलाई देखाएको सोही अनुसार विषादी उपलब्ध गराइएको बाँफिकोट गाउँपालिकाका कृषि शाखा संयोजक लोकेन्द्र ओलीले जानकारी दिएका छन् । विशेषगरी टमाटर, भान्टा, खुर्सानी लगायतका बालीमा रोगकिरा बढि देखिएको उनको भनाइ छ ।



‘तरकारीबालीमा ढुसी र व्याक्टेरियाजन्य रोगहरु देखिएको छ ।’ उनले भने, ‘रोग अनुसार सबै कृषकहरुलाई निःशुल्क रुपमा विषादी उपलब्ध गराएका छौं ।’ शिविरमा कृषि ज्ञान केन्द्र रुकुम पश्चिमका बाली संरक्षण अधिकृत प्रकाश मरासिनीले सेवा दिएको छ ।

शिविरमा आएका समस्याहरुमा सबैभन्दा बढि टमाटरमा पात खन्ने गेटुअप्सुलेट रोगको प्रकोप देखिएको बताइएको छ ।

शिविरमा एकसय बढि स्थानीय कृषकहरुले सेवा लिएका छन् । गाउँमै बाली उपचार शिविर सञ्चालन हुँदा कृषकहरु खुसी भएका छन् । घर छेउमै पहिलोपटक बाली उपचार शिविर सञ्चालन हुँदा आफूहरुको एग्रोभेटमा हुने खर्चबाट बच्नुका साथै राम्रो सल्लाह सुझाव समेत पाएको स्थानीय कृषक नरबहादुर चन्दले बताएका छन् । आफूले लगाएको भान्टा र खुर्सानीमा देखिएको समस्याको पहिचान भएर पनि राम्रो विषादी पाएको उहाँले जानकारी दिए ।। शिविर सञ्चालन हुँदा आफूहरुको अनुभव आदानप्रदान गर्ने अवसर समेत मिलेको भन्दै स्थानीय कृषकहरु खुसी भएका छन् ।

**जनहितमा जारी सन्देश**

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## रेखदेख साप्ताहिक राशिफल

९-१५ असार २०७६
24 -30 June 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**




**मेष :** बोल्दा बिचार गरेर बोल्नु होला । आत्मा बिश्वास जोश जागँरका साथ अगाडि बढदा सफलता रहनेछ । काम गर्ने क्रममा आफन्त तथा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । सोच बिचारका साथ अगाडि बढदा सफलता छ । अरुको भरमा पर्दा कार्यमा बाधा रहने समय देखिन्छ । बिवादमा नफस्नु राम्रो होला ।




**वृष :** सोचेको कार्यमा केहि ढिलाई रहने समय देखिन्छ । बिगतमा बनाएका योजना तथा कार्यहरु स्थगित रहने देखिन्छ । स्वास्थ्यका लागि खानामा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आम्दानी थोरै खर्चमा बृद्धि रहने समय देखिन्छ । कुनै पनि जानकारी लिदा सावधानी भएर अगाडि बढदा सफलता छ ।




**मिथुन :** आफन्त तथा छरछिमेकिमा तालमेल मिल्ने छैन । समस्या लाई समाधान गर्ने समय छ । आर्थिक अभाव पर्ने देखिन्छ । बन्नै लागेको कामहरु रोकावट हुन सक्ने भएकोले पुन प्रयास गर्नु होला । साथीहरु सग मध्ययम रहला । यात्राको अवसर मिल्नेछ । पछि फाईदा हुने कार्यमा लगानि गर्ने समय रहेको देखिन्छ ।




**कर्कट :** व्यापार व्यवसायमा फाईदा रहने देखिन्छ । आम्दानीका कार्यहरु बढदै जानेछन । दैनिक कार्यमा ठिकै रहनेछ । सोचेको कार्यमा फाईदा नै रहने देखिन्छ । घर परिवारका आवश्यकता पुरा गर्ने समय रहेको देखिन्छ । मेहनत बाट कार्यमा सफलता रहनेछ । तपाईको कामको राम्रो प्रतिफल मिलनेछ । समय छ ।होला ।




**सिंह :** अरुको भरमा पर्दा कार्यमा समस्या आउला । कार्यको दौडमा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । समय लाई व्यवस्थापन गर्न नसक्दा समस्या आउने देखिन्छ । आफन्त बाट धोका छ । कामको जिम्मेवारी बहन गर्नुपर्ने समय देखिन्छ । अवसरका लागि केहि जटिल परिस्थितिको सामना गर्नुपर्ने देखिन्छ ।




**कन्या :** आर्थिक लाभ रहने कार्यमा लाग्ने समय देखिन्छ । अरुको काममा समय दिनु पर्नेछ । स्वास्थ्यमा बिशेष ख्याल गर्नु होला । सामाजिक कार्यमा समय दिनु पर्ने देखिन्छ । सोचेको काम बन्ने समय छ । मेहनत बाट कार्यमा सफलता आउला । सहयोगीको साथ र सहयोग रहनेछ । तपाईको कामको राम्रो प्रशंसा हुनेछ ।




**तुला :** कुनै पनि काम गर्दा सावधानी भएर अगाडि बढने समय छ । प्रयास बाट समस्याहरु समाधान गर्ने समय छ । गोपिनियतामा बिशेष ख्याल गर्नुहोला । नयाँ सोचेको कार्यमा सफलता रहनेछ । कुनै पनि कार्य गर्दा सावधानी भएर अगाडि बढनु होला । स्वास्थ्यमा केहि प्रतिकुलता रहने समय देखिन्छ ।




**वृश्चिक :** आम्दानीका स्रोतहरु बढने छन । प्रेम तथा मित्रता क्षेत्रमा अवश्य सफलता आउनेछ । व्यवसायिक यात्राको अवसर जुटने समय देखिन्छ । आफन्तको साथ र सहयोग मिल्नेछ । आधारभुत सामाग्री जोडने योग छ । आर्कषक पोषक लगाउने मन लाग्नेछ । अवसरहरु थुपै आउनेछन अवसर लाई प्रयोग गर्ने प्रयास गर्नुहोला ।




**धनु :** अनाबश्यक खर्चमा बृद्धि रहने समय छ । प्रयास गर्दा कार्यमा सफलता रहने समय देखिन्छ । समय परिस्थिति केहि प्रतिकुल रहनेछ । स्वास्थमा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आफनो कार्यमा सफलता पाउन संघर्ष गर्नुपर्ने देखिन्छ । तपाईको कार्यमा समस्या दिनेहरु बाट सावधान रहनु होला ।




**मकर :** तपाईको मेहनत बाट कार्यमा सफलता आउला । सन्तान पक्ष बाट साथ सहयोग रहने समय देखिन्छ । प्रतिस्पर्धामा सफलता रहनेछ । व्यापार व्यवसायमा मध्ययम रहनेछ । अरुलाई पछि पार्ने समय रहेको देखिन्छ । सोच बिचार गरेर कार्यमा लाग्दा सफलता आउने छ । नयाँ जानकारी आउने समय छ ।




**कुम्भ :** आफनो योजना गोप्य राखेर अगाडि बढनु होला । सोच बिचार गरेर अगाडि बढदा कार्यमा सफलता रहनेछ । मेहनेति लाई काममा फाईदा नै छ । घर परिवारको साथ सहयोग अवस्य मिल्ने समय रहेको देखिन्छ । बोल्दा बिचार गरेर बोल्नु होला । अनाबश्यक बोल्ने बानीले कार्यमा समस्या आउला ।





**मीन :** बिगतको समस्याले सताउने समय रहेको देखिन्छ । घर परिवारमा केहि असमझदारी बढने समय छ । कुनै पनि काम लाई व्यवस्थापन मिलाएर गर्नु राम्रो होला । दैनिक काम ठिकै छ । तपाईको अल्छि गर्ने बानीले गर्दा कार्यमा ढिलाई हुनेछ । समय परिस्थिति लाई बुझेर अगाडि बढने समय रहेको छ ।

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ असार ९ सोमबार । 24 June 2019 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
स्वास्थ्य ५
www.rekhadekh.com

# बिहान खाली पेट पानी पिउनुका ९ फाइदा

**आन्द्रा फल्स** : खाली पेट प्रशस्त पानी खादा पेटका विकार शौचमार्फत जाने र पेट सफा हुन्छ। यसले पाचन प्रणालीलाईपनि सहयोग गर्छ। तपाईलाई एक बिहानै शौच आउदैन भने कम्तिमा दुई गिलास मन तातो पानी खाली पेट खाँदा खुलेर शौच आउछ ।

पानी पिउदा पनि धेरै समस्याको समाधान हुन्छ । अधिकांश रोग पेटमा नै उत्पन्न हुन्छन् त्यसैले खाली पेटमा पानी खानुको अर्थ धेरै छ । यसको प्रमुख फाइदा पेट स्वस्थ बनाउनु हो । खाली पेट पानी खादा स्वास्थ्यमा फाइदा हुने तथ्य सर्वप्रथम जापानमा प्रमाणित भएको हो । प्राय जापानीले बिहान उठ्नेवित्तिकै चार गिलास पानी खान्छन् । पानी खाएको आधा घन्टापछि मात्र ब्रेकफास्ट लिन्छन्। यो वाटर थेरापीले उनीहरुलाई सक्रीय र स्वस्थ रहन मद्दत गरिरहेको छ । खाली पेट पानी खाँदा करिब ९० प्रतिशत रोगबाट बच्न सकिन्छ । यसमा पनि मनतातो पानी उपर्युक्त हुन्छ ।



**शरिरका विकार फालिदिन्छ**

तपाई बाथरुम जाँदा शरिरका उत्तेजित र विकारलाई बाहिर फालिदिनुहुन्छ । जतिधेरै पानी पिउनुहुन्छ त्यति धेरै विकार शरिरबाट फाल्न सहयोग पुग्छ ।

**भोक बढाउछ**

नियमित खाना खानु महत्वपूर्ण हुन्छ । तर भोक लागेन भने के गर्ने? खाली पेट पानी पिउदा तपाईको भोग जाग्छ । बिहान उठ्ने वित्तिकै खाली पेटमा दुई गिलास पानी पिउनुहोस तपाईलाई भोक लागिरहन्छ ।

**टाउको दुख्नबाट बचाउछ**

मानिसलाई बारम्बार टाउको दुख्नुको मुख्य कारण प्रर्याप्त पानी नपिउनु हो। डिहाइड्रेसनको मुख्य लक्षण नै टाउको दुख्नु हो। तसर्थ बिहान उठ्नेवित्तिकै पानी खानु भयो भने यो समस्याबाट मुक्ती मिल्छ । टाउको दुख्नबाट बचाउनको अतिरिक्त यसले श्वासको दुर्गन्ध र अन्य व्याक्टेरियाको संक्रमणबाट जोगाउछ ।

**कोलोन सफा गर्छ**

पानी पिउदा कोलोन सफा गरिदिन्छ । एक गिलास पानी खाली पेट खाँदा कोलोनमा जम्मा भएको लेदो र विकार सफा गरिदिन्छ । कोलोन सफा भएमा शरिरलाई आवश्यक पोषक तत्व शोषण गर्न सहयोग पुयाउछ । तपाईको कोलोन सफा भएमा समग्रमा सम्पूर्ण शरिर नै स्वस्थ हुन्छ ।

**मेटाबोलिजमलाई तीब्र पार्छ**

यदि तपाईले डाइटिङ गर्दै हुनुहुन्छ भने खाली पेट पानी खानु उत्तम उपाय हो। पानी पिउदा कम्तिमा पनि २४ प्रतिशतले मेटाबोलिजमलाई बृद्धि गर्छ। यसको अर्थ तपाईले चाँडो र प्रभावकारीरुपमा खाना पचाउन सक्नुहुन्छ । जसका कारण छोटो समयमा नै तौल घट्छ ।

**उर्जा बढाउछ**

यदि तपाईलाई अल्छि लागेको छ भने एक गिलास पिउनुहोस । खाली पेट पानी खाँदा रगतका रक्त कोषिकालाई चाँडो बढ्न सहयोग पुयाउछ । जति धेरै कोषिकाको बृद्धि हुन्छ त्यति नै धेरै शरिरमा अक्सिजन प्रबाह हुन्छ । यसको अर्थ तपाईमा एक प्रकारको उर्जा मिल्छ ।

**अनुहारमा चमक ल्याउछ**

खाली पेट प्रशस्त पानी खादा अनुहारको चमक बढाउछ । शरिरमा जति बढी विकार र उत्तेजित तत्व हुन्छ त्यति नै तपाईको अनुहारको छाला नराम्रो बनाउछ । तर प्रशस्त पानी खाँदा विकार हट्ने भएकोले अनुहारको सुन्दरतामा निखार आउछ ।

**रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि**

समग्र स्वास्थ्यको लागि पानी नभई नहुने तत्व हो। शरिरमा तरल पर्दाथको सन्तुलनका लागि पनि पानी नभई हुदैन। दिनहुँ खाली पेटमा पानी खाँदा रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्छ। तपाईको रोग प्रतिरोधात्मक क्षमता बलियो भएमा तपाईलाई कुनै पनि प्रकारका रोग लाग्दैन ।

*स्वास्थ्यखबर पत्रिकाबाट*

# चार किलोग्राम अफिम सहित एक पक्राउ

*रेखदेख संवाददाता*
*मुसीकोट*

रुकुम पशिचमका एक युवा लागु औषध सहित पक्राउ परेका छन् । झण्डै ४ किलो लागूऔषध अफिम सहित आठबिसकोट नगरपालिका-१, रोकाजाका ३५ वर्षीय मनबहादुर बुढा पक्राउ परेका हुनु । उनको साथबाट ३ किलो ८ सय ५० ग्राम अफिम पक्राउ गरिएको छ ।

आठबिसकोट नगरपालिका-१४, छेपारेबाट शनिबार बिहान पौने ९ बजे बुढा अफिमसहित पक्राउ परेको जिल्ला प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सुमित खड्काले जानकारी दिएका छन् । उनका अनुसार-'गोप्य सूचनाको आधारमा खटिएको प्रहरी टोलीले बुढालाई पक्राउ गरेको थियो ।'

प्रहरीले सोधपुछ गर्ने क्रममा बुढाले उल्टै प्रहरी माथि हातपात तथा ढुङ्गा प्रहार गरी भाग्न खोजेपछि प्रहरीले पेस्तोलबाट एक राउण्ड हवाई फायर समेत गरेको जनाएको छ । अफिम सहित भाग्न खोजेपछि बुढालाई हवाई फायर गरेर नियन्त्रणमा लिइएको डिएसपी खड्काले बताए ।

प्रहरीले बुढाको साथबाट ९ नौ हजार नेपाली रुपैयाँ, एक थान टर्च लाइट, दुई थान मोबाइल सेट र एक थान मुङ्गाको जस्तो देखिने माला समेत बरामद भएको प्रहरीले जनाएको छ । घटनाको बारेमा थप अनुसन्धान भैरहेको र शंकास्पद अन्य ४ जना भागेको जिल्ला प्रहरी कार्यालय रुकुम पशिचमले जनाएको छ ।

उनीहरुको खोजी भैरहेको जनाएको छ ।

त्यसैगरी असार ४ गते लागु औषध सहित दुई जना पक्राउ परेका छन् । मुगुका लंक वुढा र जुम्लाका चक्रबहादुर शाही चार सय ग्राम अफिम सहित पक्राउ परेका हुन् ।

'सामाजिक परिवर्तनका लागि राष्ट्को पहरेदार'
**रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३**
बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधै सुन्ने गरौ । साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।
**थप जानकारीको लागी**
रेडियो गेमीत्रिवेणी एफ.एफ.
मुसिकोट नपा. १ रुकुम फोन नं. ०८८-५३०२५०

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

## व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्बन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## प्रो.नवराज ओली
९८६६९६६५२२
९८०३५०८८५२

## निराजन गार्मेन्ट एण्ड सप्लायर्स
मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसिमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।

रेखदेख
www.rekhadekh.com
हामी जे देख्छौं, त्यही लेख्छौं
२०७६ असार ९ सोमबार।
24 June 2019 Monday



जि.प्र.का.रूकुम द.नं. ६/२०७१/२०७२
रुकुम जि.हु.द.नं. ११/२०७१/२०७२





लामो खडेरीका कारण रोपाई हुन नसकेको रुकुम पश्चिमको छिनखेत। असार पहिलो साता वित्दा पनि रुकुममा रोपाई सुरु हुन सकेको छैन्। तस्वीर : रेखदेख

# बढी सुन्दर भएको भन्दै महिलामाथि कारवाही



सुन्दर देखिने चाहना कसलाई हुँदैन र ? तर कहिलेकाहीँ धेरै सुन्दर हुँदा पनि दुख पाइने रहेछ।

उरुग्वेको पेसेन्दु सहरमा हालै यस्तै घटना भएको छ। त्यहाँ अहिले एकजना सुन्दर महिला र ट्राफिक पुलिस चर्चाको केन्द्रमा छन्।

समाचार अनुसार हालै उक्त सहर मा ती सुन्दर महिला बाइक चलाएर आफ्नो गन्तव्यतर्फ जाँदै थिइन्। उनलाई बीच बाटोमै ट्राफिक प्रहरीले रोक्यो र जरिवानाको रसिद काट्यो।

ती महिलालाई ट्राफिकले जरिवाना तिराउनुको कारण भने रोचक रहेछ। महिला बढी सुन्दर भएका कारण सडकमा रहेका अन्य यात्रु तथा चालकहरुको ध्यान भड्किन सक्ने र दुर्घटना हुनसक्ने भन्दै उनलाई जरिवाना गरिएको रहेछ।

ट्राफिक प्रहरीले ती महिलालाई जरिवानाको रसीद मात्र काटेनन् स्पेनिस भाषामा ‘आइ लभ यू’समेत लेखे। जब ती महिलाले आफुले पाएको उक्त रसिदलाई सोसल मिडियामा शेयर गरिन् तब त्यसले ठूलै तहल्का मच्चायो। धेरै मानिसले ट्राफिक पुलिसको आलोचना गरे र महिलामाथि हिंसा गरेको जिकिर गरेका छन्। यो घटनाबारे प्रहरीको माथिल्लो निकायले जाँचबुझ गरिर हेको बताइएको छ। यदि ती ट्राफिक प्रहरी दोषी पाइएमा उनलाई निलम्बनको कारवाही हुनसक्ने समाचारमा उल्लेख छ।

एजेन्सीको सहयोगमा

*खुल्ला बीउ होईन, यथार्त संकेत पत्र भएको बीउ छरौं*
*अन्नत बीउको उत्पादन र व्यवसाय गरी आम्दानी गरौं।*

मिति २०७६ जेठ महिनामा रुकुम जिल्लामा कारोबार भएका विभिन्न कृषिजन्य बस्तुको थोक मुल्य विवरण :

| सि.नं. | बस्तु | ईकाई | मुल्य रु. |
|---|---|---|---|
| तरकारी बीउ तर्फ | | | |
| १. | मुला मिनोअर्ली | केजी | १९०। |
| २. | मुला चालिस दिने | केजी | १९५। |
| ३. | केराउ | केजी | १२५। |
| ४. | खुमल रायो | केजी | २३०। |
| ५. | चौमासे सिमी | केजी | ३००। |
| ६. | प्याज रेडक्रियोल | केजी | १२००। |
| ७. | चम्सुर | केजी | २००। |
| खाद्यान्नको उन्नत बीउ तर्फ | | | |
| ८. | मकै रामपुर कम्पोजिट र अरुण २ र ४ | केजी | ४८। |
| ९. | मकै मनामना ३ र देउती | केजी | ४५। |
| १०. | धान सबै जात | केजी | ४५। |
| ११. | गहुँ सबै जात | केजी | ४८। |
| मासु तथा दुधजन्य पर्दाथ तर्फ | | | |
| १२. | दुध | लिटर | ६०। |
| १३. | दही | लिटर | ७०। |
| १४. | घ्यू | केजी | ६००। |
| १५. | छुर्पी | केजी | ६५०। |
| १६. | खसीको मासु | केजी | ६५०। |
| १७. | वोईरल कुखुराको मासु | केजी | ३५०। |
| १८. | लोकल कुखुराको मासु | केजी | ७५०। |
| १९. | पनिर | केजी | ५००। |
| २०. | बर्फी | केजी | ५००। |
| २१. | खुवा | केजी | ५००। |

किसानको लागि उन्न्त बीउ बीजन कार्यक्रम/कृषि उद्यम केन्द्र/रुकुम उद्योग वाणिज्य संघ जिल्ला लगानी द्धवार कार्यालय रुकुम पश्चिम




## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो।

कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

आफ्नो अधिकारको खोजी गर्दा अरुका अधिकार एवम् प्रचलित ऐन नियम कानूनको पनि ख्याल गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम